म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १५४ शनिबार २८ पुस २०८० ने. सं. ११४४ पोहेलाथ्व 13 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

मकवानपुरगढीमा टिपर दुर्घटना, चालकको मृत्यु

हेटौंडा, २७ पुस/मकवानपुरगढीमा टिप्पर दुर्घटना हुँदा एकजना चालकको मृत्यु भएको छ । मकवानपुरगढी गाँपालिका वडा नम्बर-१ बाँदरखोल्सीस्थित भित्रि सडकखण्डमा टिप्पर दुर्घटना हुँदा चालकको मृत्यु भएको हो ।

स्थानीय लेनडाँडाबाट बाँदरखोल्सीतर्फ जाँदै गरेको बा प्र-०३-००१ ख १४८९ नम्बरको टिप्पर आफै अनियन्त्रित भई रोडबाट १५० मिटर तल खस्दा हेटौंडा १५ रातोमाटे बस्ने २२ वर्षीय सुकदेव पाखिनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायबउपरीक्षक लक्ष्मी भण्डारीले बताए । दुर्घटनामा चालकलाई उद्दार गरी उपचारको लागि हेटौंडा अस्पताल ल्याएकोमा शुक्रबार बिहान सवा २ बजे डाक्टरले मृत्यु भएको घोषणा गरेका थिए ।

पालुङ सहकारीद्वारा साढे १२ प्रतिशत लाभांश वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/चरम आर्थिक मन्दीका कारण नेपालका नाम चलेका वित्तीय संस्थाले यो वर्ष आफ्ना सेयरधनीलाई बोसन दिन सकेका छैनन् । तर, मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगर पालिकामा मुख्यकार्यालय रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले सेयर धनीलाई नगद लाभांश दिने निर्णय गरेको छ ।

सहकारीको भर्खरै सकिएको २४ औं साधारणसभाबाट पारित भएअनुसार आर्थिक वर्ष २०७९/८० को सञ्चित मुनाफा तथा शेयर प्रिमियमबाट सेयर धनीलाई हाल कायम चुक्ता पुँजीको १२ दशमलव ५३ प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो । ठुला बैकहरुले लाभांश वितरण गर्न नसकेको अवस्थामा पालुङ बहुउद्देश्यीयले ९ करोड ९४ लाख ५४ हजार ८ सय सेयरको जम्मा लाभांश १ करोड २४ लाख ६१ हजार रुपैयाँ वितरण गर्न लागिएको संस्थाका सहव्यवस्थापक रामप्रसाद ढकालले जानकारी दिए ।

नेप्सेमा सूचिकृत भएका कम्पनीले घोषणा गरेको नगद लाभांशमध्ये सिएसडि एण्ड क्लिएरिङ लिको १०० प्रतिशत, नेपाल दुरसञ्चारको ४० प्रतिशत, सोल्टी होटलको २५ प्रतिशत, नबिल बैकको ११ प्रतिशत र महालक्ष्मी विकास बैकको ६.४ प्रतिशत रहेको

छ । आर्थिक मन्दीका कारण नेपालका ठुला बैक तथा वित्तीय संस्थाले यो वर्ष सेयरधनीको हात रित्तो बनाएको अवस्थामा पनि पालुङ बहुउदेशीयले भने नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो ।

गतवर्ष सहकारीले सेयर धनीलाई मुनाफाबाट १८ प्रतिशत नगद लाभांश वितरण गरेको थियो । आव २०७७/७८ मा नगद लाभांश १५ प्रतिशत, २०७६/७७ मा १५ प्रतिशत, २०७५/७६ मा १५ प्रतिशत नगद लाभांश वितरण गरेको थियो । लाभांशको ईतिहास हेर्दा यो सहकारीको अवस्था राम्रो देखिएको सेयर सदस्यहरुले बताएका छन् । थाहानगरमा आफ्नै भवनबाट सेवाप्रवाह गरिरहेको छ । तत्कालीन बिद्रोही माओवादीको जनयुद्धताका सुरक्षाको कारण देखाउँदै सबै बैंक तथा वित्तीय संस्था हेटौंडा नगरमा केन्द्रिकृत भएको समयमा पनि पालुङ बहुउदेशीय सहकारीले उत्तरी क्षेत्रमा वित्तीय सेवा उपलब्ध गराएको थियो ।

हाल यो सहकारीमा मकवानपुरमा सबैभन्दा बढी सेयर सदस्य रहेको बताइएको छ । यो सहकारीको सदस्य संख्या ६ हजार ३ सय ८८ जना रहेका छन् । महिला समूहको ४ हजार २ सय ६६ रहेका छन् । कुल जम्मा सदस्य १० हजार ६ सय ५४ जना सदस्य रहेका छन् । ग्रामीण क्षेत्रमा वित्तीय साक्षार ताका लागि क्रियाशील रहेको यो सहकारीले सरकारी कार्यालयको पनि आर्थिक कारोबार गरेको थियो । महिलाहरुलाई समूहमा आबद्ध गराएर बिनाधितो समूह जमानतमा कर्जा प्रवाह गरी तरकारी खेती तथा पशुपालन कार्यमा महत्वपूण योगदान गरिरहेको स्थानीयले बताएका छन् ।

सहकारीको जगेडा कोष सहित अन्य कोषहरु करिब १६ करोड रुपैयाँ रहेको छ । बचत ६२ करोड रुपैयाँ, ऋण लगानी ९१ करोड रुपैयाँ लगानी रहेको छ । कृषि, व्यापार, सबारी साधन, उच्चशिक्षा अध्ययन गर्न शैक्षिक कर्जा, पशुपालन कर्जा, लघुकर्जा, घरेलु उद्योगमा लगानी गरिरहेको छ । समूह जमानतमा ऋण लगानी करिब १० करोड रुपैयाँ रहेको छ । थाहा नगरको शीतभण्डारमा यो संस्थाको २ करोड रुपैयाँ भन्दा बढी लगानी रहेको छ ।

सेयर सदस्य कृषकलाई रासायनीक मल, गुणस्तरीय बेर्ना उपलब्ध गराउँदै आएको सहव्यवस्थापक ढकालले बताए । सहकारीले आफ्नै हाइटेक नर्सरीबाट उत्पादन गरिएको बेर्ना बिक्री गरिरहेको छ । सहकारीका सदस्यहरुको सुबिधाका लागि थाहानगरको बजबाराही र हेटौंडामा सेवाकेन्द्र संचालन गरेको छ । सहकारीले रेमिट्यान्सको कारोबार पनि गरिरहेको छ । यो सहकारीले पूर्णरुपमा मोवाइल बैंकिङ सेवा संचालन गरेको छ । धेरै कारोबार अनलाइन बैंकिङ पद्दतीमा हुने गरेको छ ।

गत आर्थिक वर्ष २०७९/८० मा मकवानपुर जिल्लाका बैंक तथा वित्तीय संस्थाहरुमध्य सबैभन्दा बढी करतिर्ने संस्थाको रुपमा पालुङ बहुदेशीय सहकारी संस्थालाई आन्तरिक राजश्व कार्यालय हेटौंडाले सम्मानीत गरेको थियो । सहकारीले कालीमाटीमा तरकारी बिक्री स्टल संचालन गरिरहेको छ । सदस्य हितकोष कार्यक्रममार्फत् कुनैपनि बचतकर्ता सदस्यको मृत्यु भएको खण्डमा जनही ३० हजार रुपैयाँ घरमै पुऱ्याउने गरिएको छ । ७५ वर्ष पूरा भएका सबै सदस्य सम्मान गरिरहेको छ । सहकरीका सदस्यका परिवारमा बिशिष्ठ स्थानमा पुग्ने व्यक्तिलाई बिशिष्ठ उपाधि सम्मान कार्यक्रम पनि गरिएको सहव्यवस्थापक ठकालले बताए । कर्मचारीलाई दीर्घसेवा पदक प्रदान गरिएको छ । चालु आर्थिक वर्ष भरि यो सहकारीले रजतवर्ष मनाउने निर्णय गरेको छ ।

हेटौंडामा मुस्लिम इत्तेहाद संगठनको प्रदेश अधिवेशन

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/नेकपा एमाले निकट नेपाल मुस्लिम इत्तेहाद संगठनको प्रथम बागमती प्रदेश अधिवेशन पुस २८ गते (आज शनिवार) हेटौंडामा हुने भएको छ ।

पत्रकार सम्मेलन गरी आयोजक संगठनले प्रथम अधिवेशनमा करिब १ सयजना प्रतिनिधिको सहभागिता हुने जानकारी दिएको छ । नेपाल मुस्लिम इत्तेहाद संगठनका केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज समिम खानले अधिवेशनको सम्पूर्ण तयारी पुरा भएको बताए । हेटौंडाको बालकुमारी पार्टी प्यालेमा हुने अधिवेशनमा नेपाल मुस्लिम इत्तिहाद संगठनका केन्द्रीय अध्यक्ष, प्रतिनिधिसभा सदस्य एवम् एमाले केन्द्रीय सदस्य सिराज फारुकी सहितका एमाले नेताहरुको सहभागिता रहने छ ।

संगठन केन्द्रीय अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य फारुकीले मुस्लिम इत्तेहाद संगठनको रुपरेखा बनाउने भूमि मकवानपुरमा बागमती प्रदेशको पहिलो अधिवेशन गर्न लाग्एको बताए । मुस्लिम

समुदायको हकअधिकारको पक्षमा काम गर्दै आइरहेको संगठनले पछि पारिएको समुदायको उत्थानका विषयलाई अधिवेशनमा उल्लेख गर्ने उनको भनाई रहेको छ । पत्रकार सम्मेलनमा बोल्दै नेपाल मुस्लिम इत्तेहाद संगठनका केन्द्रीय उपमहासचिव एवम् संगठन विभागप्रमुख जगुल मियाले अधिवेशनबाट बढीमा ३० सदस्यीय प्रदेश कमिटी निर्माण गर्ने तयारी रहेको बताए ।

अधिवेशनले एक अध्यक्ष, दुई उपाध्यक्ष, एक सचिव र एक उपसचिव सहितको कमिटी चयन गर्ने उनको भनाई रहेको छ । हाल मुस्लिम इत्तेहाद संगठनको भेला, सभासम्मेलनको लागि अध्यक्ष फारुकी, उपमहासचिव मिया सहितको टिम देश दौडाहामा रहेको कार्यक्रममा जानकारी दिइएको छ । नेपाल मुस्लिम इत्तेहाद संगठनका केन्द्रीय सदस्य एवम् मकवानपुर सह-इन्चार्ज महमद सफिक सहित जिल्ला तथा प्रदेश तहका नेताको सहभागिता रहेको थियो ।

व्यक्ति केन्द्रित अनुदान रोकेका छौं मुख्यमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले व्यक्ति केन्द्रित व्यवसायलाई दिने अनुदान रोकेर पकेट क्षेत्रमा लगानीको नीति लिइएको बताएका छन् ।

बिहीवार रामेछाप महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री जम्कट्टेलले विगतको जस्तो अनुदान दिने परम्पराको अन्त्य गरेर प्रदेश सरकारले पकेट क्षेत्रको कार्यक्रम अघि सारेको बताए । उनले व्यक्तिलाई दिने अनुदान गलत भएको बताएका हुन् । 'हिजो हामीले एउटा व्यक्तिले गरेको सानोतिनो व्यवसाय देखाउँदैमा अनुदान दियौं ।,' मुख्यमन्त्री जम्मकट्टेलले भने, 'अनुदान पाएका उद्योग व्यवसायले उत्पादन गरे गरेनन् ? अहिले कुन अवस्थामा छन् ? भन्ने कुरा महत्व राख्नेनौं ।',

त्यहीकारण विगतमा अनुदान पाएका धेरै उद्योग व्यवसायहरु अनुदान पाएपछि व्यवसाय छोडेर हिडेको पाइएको उनले बताए । मुख्यमन्त्री जम्मकट्टेलले प्रदेशका ८५ वटा पालिकालाई पकेटक्षेत्रको रुपमा विकास गर्ने गरी काम अघि बढेको बताए । प्रदेश सरकारले उद्योगग्राम बनाउन भनेर नीति बनाएको र धेरै अघिदेखि बजेट बिनियोजन गरेपनि सफल नभएको अवस्था र हेको भन्दै जम्कट्टेलले अब उद्योग ग्रामको विकासका लागि काम गर्ने दाबी गरे । भारतीय खुला सीमाका कारण अवैध सामान आउनाले उद्योग व्यवसाय धरासायी बनेको र किसानलाई आफ्नो उत्पादन बजारमा विकाउन गाह्रो भइरहेको उनले बताए ।

जिल्लास्तरीय भलिबलमा अन्तिम आठको टुंगो

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/थाहा नगरपालिका वडा नम्बर-९, स्थित चिल्लाङमा जारी जिल्लास्तरीय भलिबल प्रतियोगितामा अन्तिम आठको टुंगो लागेको छ ।

स्वच्छन्दभैरव युवा क्लबको आयोजनाभा भइरहेको प्रतियोगितामा ८ वटा टिम क्वाटर फाइनल पुगेका छन् । प्रतियोगिताको क्वाटरफाइनल खेलमा बज्रवाराही खेलकुद विकास समिति थाहा-६, विनयबाबु स्मृति प्रतिष्ठान, चिल्लाङ खेलकुद विकास समिति ए, ग्रिन कम्युनिटी, छहारी युवा समाज, कुमारी युवा क्लब थाहा-१०, उनीउ आग्रा र खेलकुद विकास समिति थाहा ५ प्रवेश गरेको छ ।

१५ वटा टिमले सहभागिता जनाएको प्रतियोगिताको विजेताले नगद ६० हजार रुपैयाँ, उपविजेता टिमले नगद ३० हजार र तेस्रो हुने टिमले नगद २० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयाजकले जानकारी दिएको छ । प्रतियोगिताको फाइनल खेल १ माघमा हुने क्लबका सचिव निर्मल बलामीले जानकारी दिए ।

शिवम् सिमेन्टको १५ प्रतिशत लाभांश पारित

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/हेटौंडा उपमहानगरपालिका-१७, स्थित उद्योग रहेको शिवम् सिमेन्ट्स लिमिटेडले सेयरधनीलाई १५ प्रतिशत लाभांश वितरण गर्ने भएको छ ।

राष्ट्रियसभा गृहमा शुक्रबार बसेको कम्पनीको ८ औं वार्षिक साधारणसभाले आर्थिक वर्ष (आव) २०७९/८० सम्मको सञ्चित मुनाफाबाट सेयरधनीलाई १५ प्रतिशतका दरले लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो । आव २०७९/८० सम्मको सञ्चित मुनाफाबाट सेयरधनीलाई चुक्ता पूँजी ४ अर्ब ४० करोडको १४ दशमलव

२५ प्रतिशतका दरले ६२ करोड ७० लाख रुपैयाँ बराबरको बोनस सेयर र ० दशमलव ७५ प्रतिशतका दरले (कर प्रयोजनका लागि) ३ करोड ३० लाख रुपैयाँ नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

हाल कम्पनीको अधिकृत पूँजी ७ अर्ब र जारी तथा चुक्ता पूँजी ४ अर्ब ४० करोड रुपैयाँ र हेकोमा १४ दशमलव २५ प्रतिशतका दरले बोनस सेयर वितरण गरेपश्चात कम्पनीको जारी तथा चुक्ता पूँजीमा वृद्धि भई ५ अर्ब २ करोड ७० लाख रुपैयाँ कायम हुनेछ ।

फेन्सी पसल बिक्रीमा

हेटौंडा-४, स्कूल रोडको आर.बी. कम्प्लेक्सको अगाडिको सटरमा चालु अवस्थामा रहेको एस.पी. कलेक्सन नाम रहेको फेन्सी पसल अर्जेन्ट बिक्री गर्नु पर्ने भएकोले सुपथ मूल्यमा बिक्रीमा छ । खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८४५७१७०६०

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अललाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासिम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७०९४१५, ९८१७०२८६६१४, ९८४५६२३५६२

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

एआई थेरापिस्ट के हो ? कसरी बन्दैछ युवावर्गमा लोकप्रिय ?

हयारी पोर्टर, एलन मस्क, बियोन्से, सुपर मारियो तथा भ्लादमिर पुटिन ।

यी नाम ती लाखौं आर्टिफिसियल इन्टेलिजेन्स व्यक्तिमध्ये केही हुन् जोसँग तपाईले क्यारेक्टर डट एआईमा कुराकानी गर्न सक्नुहुन्छ । यो एक लोकप्रिय मञ्च हो, जहाँ कुनै पनि काल्पनिक वा वास्तविक मानिसहरुको नामबाट च्याटबट बनाउन सकिन्छ ।

क्यारेक्टर डट एआईले पनि च्याट जिपिटीजस्तै आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिको प्रयोग गर्दछ । तर समय बिताउने मामिलामा यो यसभन्दा पनि लोकप्रिय छ । यसमा माथि उल्लेखित च्याटबटको तुलनामा साइकोलोजिस्ट नामको एउटा च्याटबट सर्वाधिक लोकप्रिय छ ।

'साइकोलोजिस्ट' कसले बनायो ?

साइकोलोजिस्ट नामक एआई च्याटबटलाई ब्लेजम्यान ९८ नामका एक प्रयोगकर्ताले करिब एकवर्ष अघि बनाएको थिए । यो च्याटबटमा अहिलेसम्म ७ करोड ८० लाख मेसेज शेयर गरिएका छन् । त्यसमध्ये पनि १ करोड ८० लाख त नोभेम्बर पछि मात्रै आएका छन् । क्यारेक्टर डट एआईले यस च्याटबटका प्रयोगकर्ता कति छन् भन्ने खुलाएको छैन । तर दैनिक ३५ लाख प्रयोगकर्ता आफ्नो साइटमा आउने उसले बताएको छ ।

यो च्याटबटको परिचय जीवनमा आउने समस्याहरुमा मद्धत गर्ने व्यक्तिको रुपमा दिइएको छ । सनफ्रान्सिस्को बे स्थित कम्पनीले यसको लोकप्रियतालाई कम आँक्दै भनेको छ कि यसका प्रयोगकर्ताहरुले मनोरञ्जनका लागि 'रोल प्ले' अर्थात् पात्रको अभिनय गर्नमा अधिक रुचि राख्दछन् । रेडेन शोगुन जस्ता सर्वाधिक लोकप्रिय च्याटबट या त कार्टून छन् वा कम्प्युटर गेमका पात्र । उसलाई २८ करोड २० लाख सन्देश पठाइएको छ ।

यसका लाखौं पात्रमध्ये केही मात्रै साइकोलोजिस्ट जत्तिको लोकप्रिय छन् । यसमा कुल ४७५ च्याटबट छन् जसको नाममा थेरापी, थेरापिस्ट, साइकेट्रिस्ट वा साइकोलोजिस्ट जोडिएको छ । यिनीहरु विभिन्न भाषामा कुराकानी गर्न सक्दछन् । यीमध्ये केही यस्ता छन् जसको वर्णन तपाईले कामुक थेरापिस्ट जस्ता मनोरन्जक वा काल्पनिक पात्रहरुको रुपमा गर्न सक्नुहुन्छ । तर यसमा सबैभनदा लोकप्रिय मानसिक स्वास्थ्य सहायक जस्ता थेरापिस्ट छन् । उसका एक करोड २० लाख मेसेज छन् । यसका अलावा आर यु फिलिंग ओके जस्ता च्याटबट पनि छन्, जसलाई १ करोड ६५ लाख सन्देश पठाइसकिएको छ ।

साइकोलोजिस्टबाट खुसी छन् प्रयोगकर्ता

साइकोलोजिस्ट अहिलेसम्मको सबैभन्दा लोकप्रिय मानसिक स्वास्थ्य च्याटबट हो । यसका धेरै प्रयोगकर्ताहरुले सोसल मिडिया साइट रेडिटमा शानदार समीक्षा लेखेका छन् । एकजना प्रयोगकर्ता भन्छन् - यो एक जीवनरक्षक हो । त्यस्तै अर्की एक प्रयोगकर्ता चाहिं यसले आफू र आफ्नो ब्वायफ्रेण्ड दुवैलाई आफ्ना भावनाहरुको बारेमा कुराकानी गर्न र त्यसलाई बुझ्नका लागि सहयोग पुऱ्याएको अनुभव साटेकी छिन् । ब्लेजम्यान ९८ लाई न्युजियान्डमा बस्ने ३० वर्षीय स्याम जियाले बनाएका हुन् । उनी भन्छन्, 'मैले यो यतिधेरै लोकप्रिय होला

सहज प्रकृति उपयोगी हुनसक्छ । च्याटबटको प्रयोग गर्ने मानिसहरुको संख्या भने चिन्ताजनक रहेको उनी बताउँछिन् । थेरेसाका अनुसार यसले उच्चस्तरको मानसिक स्वास्थ्य तथा सार्वजनिक स्रोतसाधनको अभाव रहेको संकेत हो ।

क्यारेक्टर डट एआईका प्रवक्ता भनेर कहिन्यै पनि कल्पना गरेको थिइन । अरु मानिसहरुले यसलाई टूलको रुपमा प्रयोग गर्लान् भनेर पनि मैले कहिल्यै सोचेको थिइन ।'

जिया भन्छन्, 'फेरि मलाई धेरै मानिसहरुले मेसेज पठाए र उनीहरु यसबाट सकारात्मक रुपमा प्रभावित भएको र यसलाई समाधानको स्रोतको रुपमा प्रयोग गरिरहेको बताए ।'

मनोविज्ञान विषयका विद्यार्थी जियाका अनुसार उनले बटसँग कुराकानी गरेर आफ्नो अध्ययनका क्रममा प्राप्त ज्ञानको प्रयोग गरी डिप्रेसन तथा चिन्ताजस्ता मानसिक स्वास्थ्य समस्याहरुका लागि उत्तर तयार गरे । जब व्यस्त रहेका आफ्ना साथीहरुलाई उनको आवश्यकता थियो, त्यहीँबेला उनले त्यसको सिर्जना गरेका थिए । साइकोलोजिस्टको सफलताबाट आश्चर्यचकित बनेका स्याम एआई थेरापिस्टको बढ्दो लोकप्रियता र यसले युवाहरुलाई किन आकर्षित गरिरहेको छ ? भन्ने विषयमा स्नातकोत्तर तहमा एउटा अनुसन्धान परियोजनामै काम गरिरहेका छन् । क्यारेक्टर डट एआईमा सबैभन्दा धेरै प्रयोगकर्ता १६ देखि ३० वर्ष उमेरका छन् ।

साम भन्छन्- मलाई सन्देश पठाउने अधिकांस मानिसहरुले भन्छन् कि जब उनीहरुको विचार निकै कठिन हुनपुग्छ तब उनीहरु यो च्याटबटको प्रयोग गर्दछन्, जस्तो कि रातको २ बजे जब उनीहरुले कुनै साथी वा चिकित्सकसँग कुरा गर्न सक्दैनन् । सामको अनुमान के छ भने उनको च्याटबटको उत्तरको प्रास्पका कारणले पनि युवाहरु त्यसतर्फ अधिक सहज हुन सकेका छन् ।

एनका अनुसार फोनमा कुराकानी गर्नु वा आमने सामने भएर कुरा गर्नुको तुलनामा मेसेजबाट कुरा गर्नु सायद कम कठन हुन्छ ।

के भन्छन् मनोविज्ञहरु ?

थेरेसा प्लेभम्यान पेसाले एक मनोचिकित्सक हुन् । एआई च्याटबटले युवा पुस्ताभा हासिल गरिरहेको लोकप्रियताबाट आफू अचम्मित नरहेको उनी बतउँछिन् । तर यो कत्तिको कामयाबी हुन्छ भन्नेमा भने उनको प्रश्न छ । उनी भन्छिन्, 'च्याटबटसँग भन्नका लागि निकै धेरै कुरा छन् । उसले तुरुन्तै धारणा निर्माण गर्दछ । जस्तो कि जब मैले आफूले उदास महसुस गरिरहेको कुरा बताएँ तब उसले मलाई तत्कालै डिप्रेसनका बारेमा सल्लाह दिन्छ । त्यसैले यो कुनै वास्तविक मानिसले दिने प्रतिक्रिया जस्तो सुझबुझपूर्ण हुँदैन ।'

थेरेसका अनुसार मानिसले चाहेका सबै जानकारीहरु जम्मा गर्नमा च्याटबट विफल रहन्छ । ऊ एक सक्षम चिकित्सक होइन । तथापि सहयोगको आवश्यकता रहेका मानिसहरुका लागि भने यसको तत्काल तथा भन्छन्- आम मानिसहरु तथा समुदायले तयार पारेका पात्रहरुको माध्यमबाट मानिसहरुलाई राम्रो समर्थन तथा आबद्धता प्राप्त गैरहेको देखेर हामी खुसी छौं । तर प्रयोगकर्तालाई वैद्य सल्लाह तथा मार्गदर्शनका लागि त्यस क्षेत्रका प्रामणिक पेशाकर्मीहरुको सहयोग लिनु पर्दछ । कम्पनीका अनुसार च्याटलग प्रयोगकर्ताको आफ्नो निजी विषय हो । तर सुरक्षाका कारणबाट यदि च्याबटका कर्मचारीहरुले त्यसलाई पढ्न चाहे भने त्यो पढ्न सक्दछन् ।

यसमा आउने हरेक कुराकानी रातो अक्षरमा आउने एक चेतावनीबाट सुरु हुन्छन् । जसमा भनिएको हुन्छ- सावधान ! पात्ररु जो छन् ती सबै काल्पनिक हुन् । यसले के स्मरण गराएको छ भने यसमा प्रयोग गरिने प्रविधि जसलाई लार्ज ल्यांग्वेज मोडेल भनिन्छ, त्यसले मानिसले जस्तो गरेर सोच्दैन ।

एआईमा आधारित अन्य सेवा कस्ता छन् ?

लार्ज ल्यांग्वेज मोडेलमा आधारित रेप्लिका Replika जस्ता साइटहरु पनि छन् । यसले पनि क्यारेक्टर डट एआईले जस्तै सेवा उपलब्ध गराउँछ । तर उसको प्रकृतिलाई हेर्दा त्यो केवल वयस्कहरुका लागि मात्रै रहेको प्रतित हुन्छ । एनालिटिक्स कम्पनी सिमिलर वेबको तथ्यांक अनुसार प्रयोगकर्ताको संख्या तथा प्रयोगका आधारमा रेप्लिका क्यारेक्टर डट एआई जत्तिको लोकप्रिय छैन ।

Earkick/Woebot पनि एआई च्याटबट हुन् जसलाई पहिलेदेखि नै मानसिक स्वास्थ्य साथीको रुपमा काम गर्नका लागि डिजाइन गरिएको थियो । यी दुबै कम्पनीको दाबी अनुसार यी एपले मानिसहरुलाई ठूलो मद्दत गरिरहेको अध्ययनबाट देखिएको छ ।

कतिपय मनोवैज्ञानिकहरुका अनुसार एआई च्याटबोटले बिरामीलाई गलत सल्लाह पनि दिन सक्छन् । साथै यस्ता बोटहरु कुनै खास नश्ल वा लिंगप्रति पूर्वाग्रही हुने जोखिम पनि रहन्छ । तथापि चिकित्सा जगतले यी च्याटबोटलाई विस्तारै उपकरणको रुपमा स्वीकार गर्न सुरु गरेको छ ।

Limbic Access नामको एक एआई सेवालाई गतवर्ष बेलायत सरकारले चिकित्सा उपकरणको मान्यता दिँदै प्रमाणपत्र प्रदान गरेको थियो । योसँगै लिम्बिक एक्सेस मेडिकल डिभाइस प्रमाणपत्र प्राप्त गर्ने पहिलो मानसिक स्वास्थ्य च्याटबट बनेको छ ।

अहिले यसलाई बेलायतको राष्ट्रिय स्वास्थ्यसेवाका विभिन्न कोपहरुमा बिरामीहरुको वर्गीकरण गर्न तथा स्तर तय गर्नमा प्रयोग गर्ने गरिएको छ ।

यौनस्वास्थ्य

किन विवाहित महिलाहरुले आफ्नो पति हुँदाहुँदै परपुरुषसँग किन अवैध सम्बन्ध राख्छन् ?

विवाहित महिलाहरुले आफ्नो पति हुँदाहुँदै परपुरुषसँग किन अवैध सम्बन्ध राख्छन् त भन्ने प्रश्न निकै जटिल छ । कुनै पनि परपुरुषसँग शारीरिक सम्बन्ध राख्ने इजाजत हाम्रो संस्कृतिले दिँदैन । तर पनि कतिपय महिलाहरु परपरुषसँग आकर्षित हुने गरेको पाइन्छ ।

यसको कारण व्यक्तिगत रुपमा फरक-फरक हुनसक्छ । त्यसमा पनि मुख्यतया पाँच कारण नै बढी जिम्मेवार हुने गरेको पाइन्छ । पुरुषहरु प्रायस् काममा व्यस्त हुने भएकाले घरबाहिर नै रहन्छन् । उनीहरुले पत्नीलाई पर्याप्त समय दिन सक्दैनन् । अझ हाम्रोजस्तो मुलुकमा त हजारौं युवा विवाह गरेर विदेशिएका छन् । यस्तो अवस्थामा लामो समयसम्म उनीहरुबीच भेटघाटसमेत हुँदैन ।

यता पत्नीहरुलाई भने एक्लोपनाले सताउन थाल्छ । यौन चाहना पनि विस्तारै बढ्दै जान्छ । अनि नचाहेरै पनि उनीहरुमा विकल्पको सोच उत्पन्न हुन्छ । हामीकहाँ विवाह अझै पनि आफूलेमात्र चाहेर हुने अवस्था छैन । त्यसमा परिवारको पनि स्वीकृति अनिवार्य मानिन्छ । अझै धेरैले त बाबुआमाले खोजेको

वा अभिभावकले मात्र मन पराएको केटासँग विवाह गर्छन् ।

यस्तो अवस्थामा जीवनसाथी आफूले चाहेको र मनपराएको जस्तो नहुन सक्छ । कतिपय बढी उमेरका हुने गरेको पाइन्छ भने कतिपयको रुपरंग मन नपर्ने खालको हुनसक्छ । यस्तो अवस्थामा पत्नीहर परपुरुषप्रति आकर्षित हुने जोखिम बढ्छ । कतिपय पुरुषमा के पनि समस्या हुन्छ भने उनीहरु आफ्नो पत्नीलाई यौन सम्बन्धका दौरान पूर्ण सन्तुष्टि दिन सक्दैनन् । यसमध्ये केहीमा यौन समस्या हुने गरेको पाइन्छ भने केहीले पार्टनरको फिलिङ्सलाई ख्याल नराखी सम्बन्ध राख्छन् । यसले महिलालाई पूर्णसन्तुष्टि दिन सक्दैन । अनि उनीहरु परपुरुषप्रति आकर्षित हुन थाल्छन् । यी अस्पताल व्यवस्थापन जिम्मा लिए पनि २१ वर्षसम्म सेवा गर्न पाएको भन्दै प्रदेश सरकारको निर्णय स्वागतयोग्य भएको जनाएको छ ।

साहित्य

कथा

सिंहदरवारको पूर्वी गेट

✍ टेकब कोइराला

दश बजेभित्रै कार्यालय छिरिसक्नुपर्ने भएकोले पनि दायाँ-बायाँ नहेरिकन लम्किएको होला । नत्र त ऊ बाटामा हिँड्दा घर, पर्खाल, साइनबोर्ड, मान्छे, मोटर, पसल सबैलाई एक एक नजर लगाउँदै हिँड्ने मान्छे हो । ऊ पर पुग्ञ्जेलसम्म हेरिराखें मैले ।

"कति बज्यो होला ?" मैले कुनै अर्को दिन सिंहदरवारको पूर्वी गेटबाट भित्र छिर्दै गर्दा अनायासै सोधेको थिएँ । उसले त्यस दिन कपाल अरु बढि छोट्याएको थियो । टि-सर्ट, जिन्स र कन्भर्स सुज । सदाभन्दा छरितो देखिएको थियो । छुड्के पारेर ब्याग भिर्नु उसको पहिल्यैदेखिको बानी झैं देखिन्थ्यो । मेरो जिज्ञासा धेरै दिनसम्म जिज्ञासाकै रुपमा रहिरहन सकेन । एकदिन पत्ता लगाएको थिएँ त्यो झोलामा के हुने गर्छ भनेर । कलम, कापी, कर्ण शाबयको सोच, एउटा ताजा खबर पत्रिका, स्ट्यापल मेशिन, क्यालकुलेटरदेखि लिएर काइँयो, खानेपानी भएको सानो बोत्तल, फोल्डिङ्ग छाता समेत त्यही ब्यागमा राखेको हुन्थ्यो उसले । जहाँ गए पनि बोकिरहन्छ त्यो झोला ।

सामान्यतया म गेटबाट भित्र छिर्दा संधै उस्तै-उस्तै समय हुने गर्छ । सरकारी जागीरमा ५-१० मिनेट ढिलो वा छिटो हुनुले खासै फरक पर्दैन । म घडी बाँध्दिन, तर घर मा भित्तेघडी हेरेर हिँडेपछि अफिस पुग्दासम्म प्रायजसो मलाई समयको हेक्का रहिरहन्छ ।

"कति बज्न पर्यो र ?" एक मुस्कान फ्याँक्दै उसले प्रतिप्रश्न गरेको थियो ।

"हैन..., ढिला भयो कि भनेर ..... ।" केही अनमन्यष्कताका साथ मैले प्रश्न गर्नाको कारणबारे प्रष्टिकरण अघि सारें । हामी बीच पहिलो सम्वाद यसरी शुरु भएको थियो । जागीर गर्ने अड्डा, घर-ठेगाना, काठमाडौं बसाई आदि विषयमा परिचयात्मक स्वरुपका सम्वाद गर्दै हामी छुट्टिनुपर्ने दोयोटामा पुग्यौं ।

"हवस् त ।" उसले बिदाईको भावमा भनेको थियो ।

"हवस् ।" मैले पनि उस्तै भाव मिसिएको एक मुस्कान व्यक्त गरें हठात् । त्यसपछि आ-आफ्नो गन्तव्यतर्फ डोरियौं । ऊ गयो गृह मन्त्रालयतर्फ, म गएँ सामान्य प्रशासन मन्त्रालयतर्फ ।

कार्यालय पुगेर हाजिरी जनाएपछि आफ्नो कार्यकक्षमा गएँ । अघिकै छोटो तर रोचक यात्रानुभव मानसपटलमा बारम्बार मडारिरहुयो मीठोसंग । अग्लो कद, चुस्त र स्वस्थ देखिने जिउडाल । बात मार्दा हाँस्ने र हँसाउने खालका सन्दर्भहरु प्रयोग गर्न खप्पिस व्यक्ति । ऊ जनार्दन । जनार्दन अधिकारी । घर गुल्मी । शिक्षा एम.ए । पद शाखा अधिक्त । सरुवा भएर काठमाडौं आएको एक महिना भैसकेको थियो । यसअघि पनि पूर्वी गेटबाट भित्र छिर्दै गर्दा उसलाई देख्ने गरेकै हो धेरै पटक । तर कहिले ऊ अघि, कहिले म अघि । बोल्ने मौकै कहाँ मिल्थ्यो र ! त्यसदिनको संजोग । संगै भइयो । मैले सोधिहालें अनायासै 'कति बज्यो होला ?' अपरिचित लोग्नेमानिससंग मित्रताका लागि बहाना बनाएको यो पहिलो पटक । यसैका लागि पनि ठूलै साहस बटुल्नु परेको थियो मनभित्र ।

म अनामनगरमा बस्छु । ऊ घट्टेकुलोबाट आउने गर्थ्यो । सिंहदरवारको पूर्वी गेटबाट भित्र छिर्नुअघि ऊ आउने बाटोतर्फ एक नजर फ्याँक्नु मेरो आदत बनिसकेको थियो । बाटामा आउँदै गरेको नदेखेमा गेट पार गरेर कुर्ने गरिन्थ्यो । ऊ आएपछि मात्र संगै अफिसतर्फ हिँड्ने गरिन्थ्यो । बाटोमा पर्ने दायाँ बायाँका भवनहरु नेटिभी भवन, श्रम मन्त्रालय, सतर्कता केन्द्र, जलस्रोत मन्त्रालय, संसद भवन छिटो छिटो कटेझैं लाग्थ्यो । कुरा सिद्धिएको हुँदैनथ्यो । बाटो साढै छोटो भयो हाम्रो लागि । म आउन ढिला भएको दिन उसले पनि त्यसरी नै कुर्थ्यो । अफिस छुटेपछि पनि संगै बाहिरिने । हामीले यही थिति बसालेका थियौं ।

पूर्वी गेटदेखि सिंहदरवारको प्राङ्गणसम्मको यात्रालाई लम्ब्याएर हामीले कहिलेकाहीं न्यूरोड, रत्नपार्क, गोदावरी, दक्षिणकाली, नगरकोटसम्म पुऱ्याएका थियौं । एउटै आइसक्रिम दुवैले चाट्थ्यौं । एउटै सोलीको चना दुवैले टोक्दै शान्तिबाटिकामा थकाई माथ्यौं । यो दशैंमा चाडपर्व भत्ता समेतले गर्दा दुई महिना बराबरको तलब बुझेको हुनाले उसलाई मैले एकजोर रिबोक सुज किनिएको थिएँ । उसले पनि मलाई लेटेष्ट मोडलको लेडिज ह्वयाढ्डडब्याग किनिदिएको थियो ।

"तिम्रो मन्त्रालयले मलाई सरुवा गरि दिए पनि हुन्थ्यो ।" अनायासै ऊ बोल्यो । अनपेक्षित प्रसंगले म एकपल्ट झस्किएँ । के ऊ सरुवा भएर टाढा जान चाहन्छ ? मेरो अन्तर्मनमा उब्जियो यो प्रश्न र घोच्यो एकफेर चस्स ।

"सिंहदरवारभित्र त्यो पनि गृह मन्त्रालयको जागिर छाडेर कहाँ जानपऱ्यो र तपाईंलाई ?" मैले केही गम्भिर हुँदै सोधें ।

"सामान्य प्रशासनमै आउनुपऱ्यो क्या, बिहान बेलुकाको भेटले मात्र भएन, दिनभर पनि संगै भइन्थ्यो कि ?" उसले हाँस्दै गरेको यो ठट्टाले मैले तुरुन्तै राहत महसुस गरें ।

"दिनभर मात्र किन, संधै संगै हुने गरी सरुवा मिलाउन पाए कस्तो होला ?" मैले घरजम बसाउने मनसायले मौकाको फाइदा उठाउँदै प्रसंगलाई यस रुपमा बदलें ।

"ब्यूरोक्रेटिक बिहे गरेर, ब्यूरोक्रेटिक परिवारको सुजना गर्ने विचार रुचि कि के हो ?" उसको ठट्यौलीपन यहाँनेर पनि ब्यक्तिएको थियो ।

"मैले ठट्टा गरेकी हैन क्या .... ।" मैले उसको हात समाउन पुगेछु ।

मेरो रोषभाव देखेर झन उक्सिँदै भन्यो - "ल त नेमप्लेट तयार गर्न लगाऊ शा.अ. जनार्दन अधिकारी, ना.सु. शोभा पाठक, नवागन्तुक कर्मचारीहरु श्री भुन्टे, पुन्टे, च्यान्टी..... ।"

"बस्.. बस्.. बस् ..!" मैले ब्रेक लगाएपछि मात्र ऊ रोक्कियो ।

"कहिलेकाहीं त सिरियस् बन्न सिक्नोस् ।" मैले बडो व्यावहारिक मुद्रामा भनें ।

"वास्तवमा म पनि धेरै दिनदेखि यही विषयमा सोँचैथिएँ, मेरो मनको कुरा गऱ्यौ तिमीले ।" मेरो पिठ्यूँमा ढाप मर्दै भन्यो । बिहेको लागि उसले सहमति जनायो झैं लाग्यो मलाई ।

"दशैंमा घर जाँदा हाम्रो बिहेको बारेमा घरमा पनि सल्लाह गर्नेछु ।" उसले यसो भन्दै गर्दा मेरो पूरै शरीर एकपटक रोमाञ्चित बन्यो । म केही लजाएँ । यत्तैमा साँझ पर्नै लाग्दा हामी त्रिभुवनपार्कबाट धरहराको टुप्पोलाई हेर्दै शहरतर्फ हुइँकिएका थियौं ।

एकमिनेट मौनधारण गरियो । सबैले बोल्ने क्रम पनि सकियो । अन्तिम श्रद्धाञ्जलिका लागि टेवुलमाथि सजाएर राखिएको जनार्दनको फोटोमा माला र पुष्पगुच्छा अर्पण गर्न सर्वप्रथम सचिवज्यू, त्यसपछि सहसचिवज्यू अनि अन्य वरिष्ठ र कनिष्ट कर्मचारीहरुको क्रमैसंग पालो । मेरा हात काँपिरहेका थिए । गोडाहरु धरमराइरहेका थिए । पुष्पगुच्छा अर्पणसंगै अश्रुवर्षा पनि भइरहेको थियो । मेरो मन अग्घौरै कोकिँदै आयो । हाँसिरहेको जनार्दनको तस्वीरतर्फ आँखा जुधाएर धेरैबेर त्यहाँ टिकिर हन सकिन । यथासम्भव दौडदै आफ्नो कार्यकक्षतर्फ गएँ । टेबुलमाथि घोप्टो परेर धेरैबेर सुँकसुकाइरहें । प्रेमपीडालाई चिच्याई-चिच्याई ओकल्न मन लाग्यो । पत्रिकाको तस्वीर तर्फ आँखा पऱ्यो । अहिले नै बोलुँला झैं हाँसिरहेको तस्वीर त्यहाँ पनि । तस्वीरमाथि 'हार्दिक श्रद्धाञ्जलि ।' तलपट्टि 'हाम्रा अत्यन्त मिलनसार, कर्तव्यनिष्ट कर्मचारी स्व. जनार्दन अधिकारीको असामयिक .....' यसपछिका हरफहरु पढिरहने हिम्मत म मा बाँकी रहेन । यथास्थानमा नै आफूलाई बिस्तारै बिस्तारै परन्दै गइरहेझैं लाग्यो । म आफ्नै आस्था र विश्वासबाट च्यूत भइसकेकी थिएँ । भर्खरै मात्र पलाएको पालुवामा विषाक्त डढेलो लागिसकेको थियो ।

उसले म संग गरेको बिहेको बाचा अब कहिल्यै पूरा नहुने भएको छ । गुल्मी जाँदै गर्दा सडक दूर्घटनामा उसको दुःखद निधन भएको थियो । यसै दूर्घटनासंगै मेरो समेत सारा सपना दूर्घटित भएको छ । दिन र रात उस्तै चलिरहेको छ । मौसम उस्तै । अनामनगरको बाटो उस्तै । गाडीहरुको चहलपहल उस्तै । सिंहदरवारको पूर्वी गेट उस्तै । सिंहदरवार परिसरभित्रको कल्याङ्गमल्याङ्ग यथावत् । मलाई किन किन त्यो पूर्वी गेटबाट प्रवेश गर्न मन लाग्दैन । आजकल दक्षिणी गेटबाट आवत-जावत गर्ने गरेको छु ।

विभाजित मन र आस्था

✍ डा. बच्चु कैलाश कैनी

मानिसहरु विभाजित छन्
पक्ष र विपक्षमा
आ-आफ्नो सुविधा अनुसार
कसैलाई लाग्छ
उ निर्दोष छ
र, उसको बचाऊ गर्छन
अर्कोतिर उभिने मान्छे भने
उसलाई नै दोषी ठान्छन
र, विपक्षमा लाग्छन
कोही मौन पनि छन्
अर्थात, उनीहरुलाई केही सरोकार नै छैन
किनकी उनीहरुलाई
लिनु पनि छैन र दिनु पनि छैन।

उ भन्छ
मलाई थाहा छैन
म जान्दिन
सबैले बुझेको कुरा हो
उसले हैन
नियम र कानूनले जान्ने हो
पदले बुझ्ने हो
नैतिकताले स्वभामानी हुने हो।

आखिर सत्य एक हुन्छ
कानून समान हुन्छ
निष्पक्ष हुन्छ
र, अन्धो हुन्छ
मान्छे जस्तै समय र परिस्थिती अनुसार
कानूनले व्यबहार गर्दैन
र, गर्नु पनि हुँदैन
दोषी र निर्दोषी छुट्याउन सक्छ
पर्खनु र हेर्नु मात्रै पर्छ
समय बलवान हुन्छ ।

चित्रकला

दिपशना थापा
कक्षा: १०
जी.एस. निकेतन मा.वि. हेटौंडा

धितोपत्र बोर्डको अध्यक्ष नियुक्ति प्रक्रिया अझै थालिएन, निमित्तसमेत नदिँदा काम प्रभावित

काठमाडौं/नेपाल धितोपत्र बोर्डको अध्यक्ष रिक्त भएको एक साता पुग्दासमेत सरकारले नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया सुरु गरेको छैन । तत्कालीन अध्यक्ष र मेशकुमार हमालको कार्यकाल २० पुसमा समाप्त भएसँगै बोर्डमा कसैलाई निमित्तको जिम्मेवारी पनि दिइएको छैन । यसले बोर्डको दैनिक कामकारबाही नै प्रभावित बनेको छ ।

धितोपत्र जस्तो संवेदनशील बजारको नियमन गर्ने बोर्डको कार्यकारी भूमिका हुने अध्यक्षको कार्यकाल सकिनु अगाडि नै नयाँ अध्यक्ष नियुक्ति गर्ने प्रक्रिया अगाडि बढाउनुपर्नेमा हालसम्म त्यो पनि सुरु भएको छैन । नयाँ अध्यक्ष नियुक्तिका लागि मन्त्रिपरिषद्ले सिफारिस समिति बनाउनुपर्छ, त्यसका लागि अर्थ मन्त्रालयले समिति गठनको प्रस्ताव पठाउनुपर्छ । तर, मन्त्रालयमा यो प्रक्रिया नै सुरु नभएको हो ।

'अध्यक्ष नियुक्ति गर्ने प्रयोजनका लागि सिफारिस गर्नका लागि राष्ट्रिय योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव र धितोपत्र क्षेत्रसँग सम्बन्धित विशेषज्ञ रहेको एक समिति रहने धितोपत्र सम्बन्धी ऐनमा व्यवस्था छ ।

समितिले अध्यक्षको नाम सिफारिस गर्न आवश्यक कार्यविधि आफैं बनाउनसक्ने व्यवस्था ऐनमा छ । अध्यक्षको नाम सिफारिस गर्दा योग्यता पुगेका तीन जनाको नाम सिफारिस गर्नुपर्ने हुन्छ । त्यसका लागि विगतमा सिफारिस समितिले अध्यक्षका लागि आवेदन नै माग्ने गरेको छ । यो प्रक्रिया पूरा गरी मन्त्रिपरिषद्मा तीन जनाको सिफारिस गरेपछि त्यसमध्येबाट मन्त्रिपरिषद्ले अध्यक्ष नियुक्त गर्ने प्रावधान छ ।

धितोपत्र सम्बन्धी ऐनले नै धितोपत्र बोर्डको सञ्चालक समिति बैठक महिनामा कम्तीमा १ पटक बस्नुपर्ने र सञ्चालक समिति बैठक अध्यक्षले बोलाउनुपर्ने व्यवस्था गरेको छ । अध्यक्ष नियुक्तिका लागि हालसम्म सिफारिस समिति नै गठन नभएको र त्यसपछि मात्रै प्रक्रिया बढ्ने अर्थ मन्त्रालयका प्रवक्ता धनिराम शर्माले बताए ।

निमित्त कसलाई दिने भन्नेमा मन्त्रालयमा अलमल

बोर्डको निमित्तको जिम्मेवारी कसलाई दिने भन्नेमा अर्थ मन्त्रालयमा नै अन्योल देखिएको छ ।

धितोपत्र बोर्डमा ४ जना कार्यकारी निर्देशक छन् । त्यसमध्ये सबैभन्दा वरिष्ठ डा. नवराज अधिकारी हुन् । त्यसपछिको वरीयतामा क्रमशः विनयदेव आचार्य, मुक्तिनाथ श्रेष्ठ र कृष्णराज पोखेल छन् । रमेश हमाल अध्यक्ष हुँदा बिदा बस्नुपरेको खण्डमा निमित्तको जिम्मेवारी दोस्रो वरीयताका कार्यकारी निर्देशक विनयदेव आचार्यलाई दिने गरेका थिए । तर, अहिले अध्यक्ष रिक्त हुँदा निमित्तको जिम्मेवारी पाउनेले बोर्ड बैठक आह्वान र सञ्चालनको समेत जिम्मेवारी पाउने भएकाले निमित्तको जिम्मेवारी कसले पाउने भन्नेमा विवाद देखिएको स्रोतको दाबी छ ।

विगतमा वरिष्ठ कार्यकारी निर्देशकलाई तोकेर नै सञ्चालक समिति बैठक समेत राख्न सक्ने गरी निमित्तको जिम्मेवारी प्रदान भएकाले अहिले पनि सोही अनुसारको जिम्मेवारी आफूले पाउनुपर्ने भन्दै वरिष्ठ कार्यकारी निर्देशक डा. नवराज अधिकारीको लबिइङ रहेको स्रोतको दाबी छ । तर, अर्थ मन्त्रालयका अधिकारीहरु आचार्यलाई निमित्त दिनुपर्ने पक्षमा रहेको स्रोतको भनाइ छ ।

अध्यक्षबाट हमाल बिदा भएसँगै निमित्त समेत नतोकिँदा बोर्डमा अहिले दैनिक प्रशासनिक कामसमेत अवरुद्ध भइरहेको छ ।

'अध्यक्ष रिक्त भएसँगै निमित्तको जिम्मेवारी नतोकिँदा अहिले कार्यालयमा आएर हाजिर गर्ने काम मात्रै भएको छ,' बोर्डका एक कर्मचारीले भने, 'तोक लगाउने काम समेत प्रभावित भएको छ । कर्मचारीलाई तलब खुवाउने लगायत सबै काम प्रभावित हुन्छ ।'

पूँजी बजारको नियामक निकाय एक सातायता नेतृत्वविहीन हुँदा जिम्मेवार पक्षको रुपमा रहेको अर्थ मन्त्रालय मौन छ । अर्थ मन्त्रालयले हमाल बिदा भएसँगै २० पुसमै कसैलाई निमित्तको जिम्मेवारी सुम्पिनुपर्ने थियो । अर्थ मन्त्रालयले बोर्डका कुनै वरिष्ठ कर्मचारीलाई कार्यकारी अधिकार प्रयोग गर्न जिम्मेवारी दिन सक्छ ।

तत्कालीन अध्यक्ष भीष्मराज ढुंगाना धितोपत्र भित्री कारोबारमा संलग्न रहेको भन्दै सरकारले जाँचबुझ समिति गठन गरेपछि निलम्बन हुँदा निमित्तको जिम्मेवारी वरिष्ठ कार्यकारी निर्देशक निरज गिरिलाई दिइएको थियो ।

अर्थमन्त्री डा. प्रकाश शरण महत भाइब्रेन्ट गुजरात सम्मेलनमा सहभागी हुन भारत भ्रमणमा रहेकाले बोर्डमा निमित्तको जिम्मेवारी तोक्न ढिलाइ भएको अर्थ मन्त्रालयका प्रवक्ता शर्माले बताए ।

धितोपत्र सम्बन्धी ऐन र नियमावलीमा अध्यक्षको अनुपस्थितिमा कसले कार्यकारी अधिकार लिने भन्ने व्यवस्था छैन ।

कार्यकारी अधिकार अध्यक्षमा रहेकाले अन्य कर्मचारीले त्यसको परिपूर्ति गर्न सक्दैनन् । यद्यपि अर्थ मन्त्रालयले वरिष्ठ कुनै कर्मचारीलाई कार्यकारी अधिकार प्रयोगको जिम्मेवारी दिनसक्छ । यसको प्रयोग २०६८ र निवर्तमान अध्यक्ष रमेशकुमार हमाल आउनुअघि भएको थियो । त्यतिबेला वरिष्ठ कार्यकारी निर्देशकलाई नै निमित्तको जिम्मेवारी तोकिएको थियो ।

(स्रोत: अनलाइनखबर)

भ्वाइस अफ नेपाल सिजन ५ को उपाधि बिनोद राईलाई

काठमाडौं/भ्वाइस अफ नेपाल सिजन ५ को उपाधि बिनोद राईले जितेका छन् । शुक्रबार राती ललितपुरको गोदावरीस्थित सनराइज हलमा आयोजित ग्राण्ड फिनालेमा उनले उपाधि जिते ।

बिजेता राईले कोच मिलन नेवार समूहको प्रतिनिधित्व गर्छन् । मकरबहादुर योन्जन फस्ट रनरअप, कुमार प्रयास राई सेकेण्ड रनरअप र नोगेन लिम्बु थर्ड रनरअप घोषित भए ।

उपाधिका लागि चार फाइनलिस्टबीच कडा प्रतिस्पर्धा भएको थियो । दर्शकको सर्वाधिक भोटको आधारमा बिनोदले उपाधि जितेका हुन् । जितसँगै उनले २० लाख नगदसहितका पुरस्कार प्राप्त गरेका छन् ।

हिमालय टेलिभिजनका अध्यक्ष धर्मराज भुषाल लगायतका अतिथिले विजेतालाई पुरस्कार प्रदान गरे ।

तीन हजार दर्शक अटाउने गोदावरीको खचाखच सनराइज हलमा तीन घण्टा लामो ग्राण्ड फिनाले चलेको थियो । फिनालेमा कोच मिलन नेवार, उदय सोताङ, प्रमोद खरेल र राजेशपायल राईले आफ्नो टीमका फाइनलिस्टसँगै प्रस्तुति दिए ।

भ्वाइसको पाँचौं सिजनका अन्तिम १२ का प्रतिस्पर्धी सहित हिमालय लोकस्टारका जजले पनि सांगीतिक प्रस्तुति दिए । कोच र फाइनलिस्टले प्रस्तुति दिँदा फिनालेको माहोल रोमाञ्चक बनेको थियो । चर्चित लोक तथा दोहोरी गायक राजु परियार र बद्री पँगेनीले पनि प्रस्तुति दिए । भ्वाइसको पहिलो सिजनका विजेता सीडी विजय अधिकारीले आफ्नो हिट गीत 'दूरी मजबूरी' गाएर दर्शकलाई जुरुक जुरुक पारे ।

ग्राण्ड फिनालेको प्रत्यक्ष प्रसारण हिमालय टिभी एचडी र भ्वाइस अफ नेपालको युट्युब च्यानलबाट गरिएको थियो ।

सन्दीपको पक्षमा उभिए जीवन, भड्किए समर्थक

काठमाडौं/'स्टार' क्रिकेट खेलाडी सन्दीप लामिछानेलाई काठमाडौं जिल्ला अदालतले बलात्कार मुद्दामा दोषी ठहर गर्दै ८ वर्ष कैद सजाय र ५ लाख जरिवाना तोकेपछि समर्थन र विरोध दुवै भैरहेको छ । नेपाली फिल्मका केही कलाकारहरु भने सन्दीपको पक्षमा देखिएका छन् । 'नाई नभन्नू ल' फेम्ड अभिनेता जीवन लुइटेलले 'जस्टिस फर सन्दीप' भन्दै उनलाई फसाइएको आशय व्यस्त गरेका छन् ।

सन्दीपले हातमा बल लिएर हाँसेको एक तस्वीर सेअर गर्दै उनी फेसबुकमा लेख्छन्, 'तिम्रो यही डल्लाले ठोक्नुपर्छ अन्धा कानुनका बेल्सहरु, विकेटभन्दा धेरै पर र फुटाउनुपर्छ असमानताका स्ट्म्पहरु ।' उनको यो स्टाटसप्रति समर्थकहरु भने भड्किएका छन् । केहीले जीवनलाई 'भगौडा एक्टर'को संज्ञा दिएका छन् भने कतिले अब उनीप्रतिको सम्मान नै सकिएको प्रतिक्रिया जनाएका छन् ।

जीवनको स्टाटसको कमेन्टमा एक प्रशंसक लेख्छन्, 'दाई कसम तिमीप्रतिको सम्मान सकियो अब, म यतिबेला सरमले निथ्रुक्क छु ।' त्यसैगरी, अर्का एक प्रशंसकले लेखेका छन्, 'सन्दिप लामिछाने जस्तालाई काँध थाप्ने तपाईंहरु विगत र वर्तमान मात्र हो, भविष्य होइन । यो अभिव्यक्ति आफूमा भएको कुण्ठित प्रतिनिधित्व प्रष्फुटित भएको मात्र हो ।' केहीले भने जीवनको समर्थन गरेका छन् ।

पुराना अभिनेता कृष्ण मल्ल पनि सन्दीपको पक्षमा देखिएका छन् । उनले सन्दीपलाई माफी दिनुपर्ने आशय व्यक्त गर्दै फेसबुकमा लेखेका छन्, 'कस्ता कस्तालाई त राष्ट्रपतिले माफी दिएका छन्, राष्ट्रिय खेलाडी सन्दिप लामिछानेलाई माफी दिँदा के हुन्छ ? अर्को विकल्प भनेको उनलाई जेलमा रहँदा पनि खेलमा सरिक गराउने प्रावधान गर्न सकिन्छ ।' उनको स्टाटसमा भने समर्थन बढी छ ।

तीन हप्तापछि हलमा फर्किए नेपाली फिल्म

काठमाडौं/नेपाली निर्माताहरु वर्षात र जाडोको मौसममा फिल्म रिलिज गर्न चाहँदैनन् । यसलाई फिल्म रिलिजको बेमौसमी समय भनिन्छ । तर, यसपटक जाडो महिनामै भारतीय फिल्महरुले नेपालमा करोडौं कमाए । गत मंसिर २९ गते आएका दुई नेपाली फिल्म 'दुई कदम' र 'जम्प'पछि तीन हप्ता नेपालका हलमा विदेशी फिल्मको दबदबा रह्यो । अब भने हलमा नेपाली फिल्म फर्किएका छन् ।

शुक्रबारबाट घनश्याम लामिछानेको निर्देशन रहेको 'चित्रा' र दीपक श्रेष्ठद्वारा निर्देशित 'पर्खि बसें तिमीलाई'ले व्यावसायिक प्रदर्शन सुरु गरेका हुन् । तर, यी दुवै फिल्मलाई देशका मल्टीप्लेक्सहरुले शोज बाँडफाँडमा खासै महत्त्व दिएका छैनन् । तमिल फिल्म 'क्याप्टेन मिलर' र बलिउड फिल्म 'मेरी क्रिसमस' पनि शुक्रबारबाटै प्रदर्शनमा आएकाले दुई नेपाली फिल्म शोजमा चेपिएका हुन् ।

'चित्रा'मा सन्तोष अधिकारी, अर्पण थापा, प्रमोद अग्रहरी, मेनुका प्रधान, प्रकाश घिमिरे, शुभेच्छा खड्का, अन्जना बराइली, सिम्रन खड्का, आयुशी ढकाल, विनोद पौडेल, कपिल शर्मा, कुमार गुरुङ, उज्वल ढकाल, दिपेश गजुरेल लगायतको अभिनय छ । बाबु-छोरीको सम्बन्धको कथामा आधारित भएर बनेको फिल्ममा महेश पौडेलको छायांकन छ भने मनिष गौतमको पटकथा लेखन छ ।

'चित्रा'लाई निःशुल्क हेर्न मिल्ने व्यवस्था पनि गरिएको छ । १० वर्षमुनिका बालबालिकाहरुले फिल्मको टिकट निःशुल्क पाउनेछन् भने कुनै पनि बालिकाले चित्रा नाम भएको प्रमाण देखाउँदा ३ वटा टिकट सित्तैमा पाउने जनाइएको छ । सोमबार काठमाडौंमा भएको प्रिमियरमा फिल्मको कथावस्तुको प्रशंसा भएको थियो भने अभिनेत्री सिम्रन खड्काले अभिनयको तारिफ बटुलेकी थिइन् ।

१६ औं योजनामा विद्युत् :

५ वर्षभित्र ११ हजार ७६९ मेगावाट उत्पादन, ५५ सय मेगावाट निर्यात

काठमाडौं/सरकारले आगामी ५ वर्षभित्र झण्डै १२ हजार मेगावाट जलविद्युत् उत्पादन गर्न लक्ष्य राख्ने आवधिक योजना तयार पारेको छ । राष्ट्रिय योजना आयोगले बनाएको १६ औं पञ्चवर्षीय योजनाको मस्यौदा अनुसार आर्थिक वर्ष (आव) २०८५/८६ सम्म ११ हजार ७६९ मेगावाट विद्युत् उत्पादनको लक्ष्य राखिएको छ ।

आर्थिक वर्ष २०७९/८० सम्म नेपालमा २८ सय ७७ मेगावाट हाराहारी मात्र विद्युत् उत्पादन क्षमता रहेको छ । अघिल्लो आवसम्म ९८ प्रतिशत जनसंख्या विद्युतको पहुँचमा पुगेको छ । यसलाई शतप्रतिशत पुऱ्याउने समेत १६ औं योजनाको लक्ष्य रहेको छ । अहिले १३.४६ प्रतिशत रहेको रहेको विद्युत् चुहावटलाई १०.८० प्रतिशतसम्म झार्ने लक्ष्य समेत १६ औं योजनामा राखिने भएको छ ।

१६ औं योजनाले प्रतिव्यक्ति विद्युत् खपत दोब्बरले बढाउने गरी लक्ष्य राख्ने भएको छ । मस्यौदामा उल्लेख भए अनुसार प्रतिव्यक्ति विद्युत् खपत ३८० किलोवाट घण्टाबाट वृद्धि गरी ७ सय किलोवाट घण्टा पुऱ्याइने १६ औं योजनाको मस्यौदामा उल्लेख छ ।

यसबीचमा ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि सरकारी लगानी बढाउँदै निजी क्षेत्रसँग सहकार्य गर्ने सरकारको रणनीति हुनेछ । १६ औं योजनामा आन्तरिक र वैदेशिक लगानी भित्राउँदै जलविद्युतमा लगानी बढाउने रणनीति राखिएको छ ।

ऊर्जा मार्गचित्र तथा कार्ययोजना तयारी गरी लागु गर्ने, आन्तरिक र अन्तर देशीय प्रसारण लाईनको विस्तार गर्ने, वितरण प्रणालीमा गुणस्तरीयता कायम गर्ने, विद्युत् निर्यात बढाउन भारत, चीन र बंगलादेशसँग द्विपक्षीय/बहुपक्षीय व्यापार सम्झौता गर्नुका साथै अन्तर देशीय प्रसारणलाइनको निर्माणमा तीव्रता दिने रणनीति लिने समेत १६ औं योजनाको मस्यौदामा उल्लेख छ । विद्युत् सेवा नपुगेका स्थानमा वैकल्पिक ऊर्जा पुऱ्याउने, ऊर्जा उत्पादनमा नवीनतम प्रविधिको प्रयोग गर्ने र फोहोरबाट ऊर्जा उत्पादनको लक्ष्य समेत आवधिक योजनाले लिने भएको छ ।

५५ सय मेगावाट

सरकारले आगामी १० वर्ष भित्र १० हजार मेगावाट विद्युत् भारतमा निर्यात गर्न सकिने गरी भारतसँग दीर्घकालीन व्यापार सम्झौता गरेको छ । यसबीचमा आगामी ५ वर्ष भित्रै ५५ सय मेगावाट जलविद्युत् निर्यातको लक्ष्य सरकारले लिने भएको छ ।

आव २०७९/८० सम्म ४५० मेगावाट रहेको निर्यातर्ला सो परिमाणसम्म लैजाने लक्ष्य १६ औं योजनाको रहेको छ । अहिले २७ अर्ब रोयल्टी संकलन गरिरहेको सरकारले आगामी ५ वर्षमा ६१ अर्ब रोयल्टी पुऱ्याउने समेत लक्ष्य राखेको छ । ६६ केभी वा सो भन्दा माथिको क्षमताको प्रसारण लाइनको क्षमता दोब्बर पुऱ्याउने समेत १६ औं योजनाको लक्ष्य रहने भएको छ । अहिले ५ हजार ७४२ किमिमिटर रहेको प्रसारणलाईन ५ वर्षमा ९ हजार ३५६ किलोमिटर पुऱ्याइने छ । ३३ केभी क्षमताको वितरण लाइन ७ हजार २३७ किलोमिटरबाट बढाएर ११ हजार ६८२ किलोमिटर पुऱ्याउने लक्ष्य सरकारको छ । विद्युतबाट मात्र ४ लाख रोजगारी सिर्जनाको लक्ष्य राखिएको छ । अहिले यस्तो रोजगारी ९६ हजार मात्र रहेको छ ।

आव २०७९/८० सम्म विद्युत् निर्यातबाट ९ अर्ब विदेशी रुपैयाँ आर्जन भएकोमा आगामी ५ वर्षमा यस्तो आर्जन ४१ अर्ब रुपैयाँ पुऱ्याउने समेत लक्ष्य रहेको छ । व्यापार घाटा घटाउन अहिले ऊर्जा क्षेत्रको योगदान ०.९ प्रतिशत रहेकोमा आगामी ५ वर्षमा यस्तो हिस्सा ४ प्रतिशतसम्म पुग्ने अनुमान सरकारको छ ।

१५ औं योजनाका सबै लक्ष्य अधुरो

सरकारले १६ औं योजना आगामी आर्थिक वर्ष २०८१/८२ बाट कार्यान्वयन गर्दैछ । यता, १६ औं योजनामा राखिएका अधिकांश लक्ष्य भने अधुरै छन् । सरकारले विद्युत् उत्पादन क्षमता आर्थिक वर्ष २०८०/८१ सम्म ५ हजार ८२० मेगावाट पुऱ्याउने भनेको थियो ।

आधार वर्ष २०७५/७६ मा १२ सय ५० मेगावाट रहेको विद्युत् उत्पादन क्षमता लक्ष्य अनुसार भने नपुग्ने भएको छ । प्रतिव्यक्ति विद्युत् खपत ७ सय किलोवाट घण्टा पुऱ्याउने लक्ष्य १५ औं योजनाको थियो । यी लक्ष्यहरुमा कोभिड-१९ महामारीसहितका समस्या प्रमुख बाधकका रुपमा रहेको विश्लेषण योजना आयोगको रहेको छ ।

(स्रोत: अनलाइनखबर)

श्रीमतीलाई हटाएर आफैं अध्यक्ष बने रेशम

धनगढी/नागरिक उन्मुक्ति पार्टी (नाउपा)को अध्यक्षमा रेशम चौधरी निर्विरोध निर्वाचित भएका छन् । कैलालीको टीकापुरमा चलिरहेको पार्टीको पहिलो महाधिवेशनबाट शनिबार रेशम सर्वसम्मत अध्यक्ष चयन भएका छन् ।

टीकापुर घटनामा दोषी ठहर भएर जन्मकैदको सजाय काटिरहेका बेला रेमशले पार्टी गठन गरेका थिए । १९ पुस २०७८ मा निर्वाचन आयोगमा दर्ता गर्दा रञ्जिता श्रेष्ठ चौधरी अध्यक्ष थिइन् । रेशम र रञ्जिता श्रीमान-श्रीमती हुन् ।

गणतन्त्र दिवसको अवसरमा बाँकी कैद मिनाहा पाएपछि १५ जेठमा छुटेका रेशमले सात महिनामै नेतृत्व लिएका हुन् । महाधिवेशनको अघिल्लो महिना मंसिरमा विधान संशोधन गरेर पदाधिकारी र केन्द्रीय समितिको आकार बढाएका थिए ।

पार्टीको विधानमा ३९ जना पदाधिकारीसहित २४६ जना केन्द्रीय सदस्य निर्वाचित र २५५ जना मनोनित गर्ने व्यवस्था छ । अहिलेसम्म महाधिवेशनले अध्यक्षसहित २५ जना पदाधिकारीको टुंगो लगाएको छ भने बाँकी छलफल भइरहेको सचिवमा चयन भएका तुलसी थारुले जानकारी दिए । 'अहिले केही पदाधिकारीको मात्रै टुंगो लगाएका छौं' उनले भने, 'सबै पदाधिकारी महाधिवेशनबाटै टुंग्याउने गरी छलफल चलिरहेको छ ।'

महासचिवमा दुई जनाको दाबी छ । महाससचिवमा प्रतिनिधि सभा सदस्य गंगराम चौधरी र प्रदेशसभा सदस्य धर्मराज चौधरीले उम्मेदवारी दिएका छन् । गंगाराम कैलाली निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा निर्वाचित सांसद हुन् भने प्रदेशसभा सदस्य धर्मराज चौधरी लुम्बिनी प्रदेशका भौतिक पूर्वाधारमन्त्री हुन् । उनीहरूबीच सहमति नजुटे चुनावी प्रक्रियामा जान सकिने नेताहरु बताउँछन् ।

शुक्रबार साँझसम्म सार्वजनिक भएको २५ जना पदाधिकारीमा संस्थागत अध्यक्ष र ञ्जितालाई कुनै भूमिकामा राखिएको छैन । नेताहरूका अनुसार उम्मेदवारी दर्ताको दिन शुक्रबार अधिवेशन स्थलमा रञ्जिता उपस्थित नै भइनन् । एकाएक रेमशले उम्मेदवारी दिएपछि अरुले उम्मेदवारी नै नदिएको एक नेताले बताए । 'अन्तरिक छलफल भएको थिएन । उहाँको मनोनयन आएपछि कसैले विरोध गरेनन् एक नेताले भने, 'पार्टीमा व्यक्तिगत हावी भयो ।'

जबकी उनको अध्यक्ष पदले मान्यता पाउनेमा शंशय छ ।

कानुनी प्रश्न

संविधान निर्माणका क्रममा थरुहट राज्यको माग गर्दै आन्दोलन भएको थियो । ७ भदौ २०७२ मा कैलालीको टीकापुरमा भएको हिंसात्मक झडपमा नेपाल प्रहरीका एसएसपीसहित आठ जना सुरक्षाकर्मी र एक नाबालकको ज्यान गयो । प्रहरीले रेशमलाई आन्दोलनको योजनाकार मानेर मुद्दा अघि बढायो ।

फरार भएका रेशम २०७४ मंसिर २१ गते सम्पन्न चुनावमा कैलाली क्षेत्र नं. १ बाट तत्कालीन राष्ट्रिय जनता पार्टीको तर्फबाट उम्मेदवारी दिएर विजयी भए । चुनावमा विजयी भएको तीन महिनापछि १४ फागुनमा कैलाली जिल्ला अदालतमा आत्मसमर्पण गरेका थिए । २०७५ सालमा कैलाली जिल्ला अदालतबाट दोषी ठहर भए । उच्च अदालतले पनि त्यसलाई सदर गऱ्यो ।

उपेन्द्र यादवसँग पार्टी एकता र विभाजनपछि पनि महन्थ ठाकुर नेतृत्वले जेलमुक्त गराउन नसकेपछि रेशमले डिल्लीबजार कारागारमै रहेका पार्टी बनाउने तयारी गरे । चुनावको पूर्वसन्ध्यामा बनेको नाउपाले रेशम र अरु राजबन्दीहरुको रिहाइको नारा दियो ।

०७९ वैशाखमा भएको स्थानीय निर्वाचनमा कैलालीमा पहिलो पार्टी बनेको थियो नाउपा । मंसिर २०७९ मा सम्पन्न प्रतिनिधि सभामा चार सिट र प्रदेशतर्फ पनि सुदूरपश्चिममा सात सिट, लुम्बिनीमा चार सिट र मधेशमा एक सिट जितेको छ ।

१० पुसमा एमाले-माओवादी गठबन्धन बन्दा समर्थन गरेको नाउपाले सरकारमा भाग पाएको थिएन । राष्ट्रपति निर्वाचनसँगै माओवादीले कांग्रेससँग नयाँ गठबन्धन बनाएपछि संसदीय जोड घटाउमा नाउपाको पनि भूमिका बढ्यो ।

सुदूरपश्चिम प्रदेशमा नाउपाको समर्थन बिना सरकार नै नबन्ने अवस्था भयो भने केन्द्रमा पनि प्रधानमन्त्री प्रचण्डका लागि नाउपाको ४ सांसदको महत्व रह्यो । त्यसपछि रेमशको रिहाइ सत्ता गठबन्धनका दलहरुको मुद्दा बन्यो ।

(स्रोत: अनलाइनखबर)

दाङ बस दुर्घटनामा मृत्यु हुनेको संख्या १२ पुग्यो

काठमाडौं/दाङ देउखुरीको राप्ती गाउँपालिका-१ भालुबाङस्थित राप्ती नदीको पुलबाट बस खस्दा मृत्यु हुनेको संख्या १२ पुगेको छ । १७ जना घाइते छन् ।

बाँकेको नेपालगञ्जबाट काठमाडौं आउँदै गरेको भे १ ख ३९१२ नम्बरको बस शुक्रबार राति साढे १० बजेतिर पुलबाट तल राप्ती नदीमा खसेको थियो ।

दुर्घटनामा एक महिला र ११ पुरुष गरी १२ जनाको मृत्यु भएको घटनास्थलमा रहेका राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले जानकारी दिए ।

धेरैजसोको बसले च्यापिएर मृत्यु भएको छ । घाइतेहरुलाई उपचारका लागि बुटवल र नेपालगन्ज पठाइएको छ ।

इलाका प्रहरी कार्यालय भालुवाङका प्रहरी निरीक्षक उज्ज्वल सिंहका अनुसार १२ वटै शव पोष्टमार्टमका लागि लमही अस्पतालमा राखिएको छ । मृतकहरुको सनाखत भएको छैन ।

घटनास्थलमा सशस्त्र, नेपाल प्रहरी र स्थानीयवासी उद्धार कार्यमा खटिएका छन् ।

बस पुलको रेलिङ भाँच्दै दायाँतर्फ राप्ती नदीमा खसेको छ । राप्ती नदी माथि बनेको यो पुलले दाङ र अर्घाखाँची जिल्लालाई जोड्दछ ।

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

मकवानपुरगढी गाउँपालिका-२, स्थित शिखरकटेरीमा खानी क्षेत्रबाट ओभरलोड चुनढुंगा बोकेर हेटौंडा-१७, शिवम् शिमेन्टतर्फ जाँदै गरेको टिपर । ओभरलोड, तीव्रगति र चालकको लापरबाहीले मकवानपुरगढीको कुर्ले, बासपानी, शिखरकटेरी क्षेत्रमा स्थानीय पैदलयात्री तथा विद्यार्थी बालबालिकालाई सडक क्षेत्रमा हिंड्डुल गर्न जोखिम भइरहेको छ । शिखरकटेरीमै प्रहरीको अस्थायी पोष्ट भएपनि ओभरलोड बोकेका टिपरलाई कारबाही हुँदैन । गाउँपालिकाको इलाका प्रहरी कार्यालयको मिलेमतोमा टिपर व्यवसायीले ओभरलोड बोक्ने गरेका छन् । तर, कारबाही गर्ने नियमनकारी निकाय नै मौन छ । सम्भावित दुर्घटनाको जोखिम न्युनीकरण गर्न गाउँपालिका कार्यालय नै अनुदार बनिरहेको स्थानीयले आरोप लगाएका छन् । शिखरकटेरीमै गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको घर छ । तर, अध्यक्ष लामाले ओभरलोड बोकेको विषयमा ध्यान नदिने गरेको स्थानीयको आरोप छ ।

तस्विर: एमपी शर्मा/सञ्चारकर्मी ।

माओवादीको बागमतीमा साढे तीन हजार टोल कमिटी

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ सत्तारुढ दल नेकपा माओवादी केन्द्रको बागमती प्रदेशमा तीन हजार ५ सय १३ वटा टोल कमिटी गठन भएको छ । जनतासँग माओवादी विशेष चार महिने रुपान्तरण अभियानअन्तर्गत टोल कमिटी गठन भएको सचिवालयले जानकारी दिएको छ ।

सचिवालयको रिपोर्ट अनुसार प्रदेशका १३ जिल्लामध्ये सबैभन्दा बढी चितवनमा ६ सय ४२ वटा टोल कमिटी गठन भएको छ । सबैभन्दा कम भक्तपुरमा जम्मा १३ वटा टोल कमिटी गठन भएको छ । यस्तै सिन्धुलीमा ३ सय ५४, ललितपुर १ सय १५, काठमाडौंमा २ सय ७५, काभ्रेमा ४ सय ३८, दोलखामा ३२, धादिङमा ३ सय ६९, नुवाकोटमा २ सय २३ टोल कमिटी गठन भएको छ । रसुवामा ४९, मकवानपुर ४ सय ३१, रामेछाप २ सय १५ र सिन्धुपाल्चोकमा ३ सय १३ वटा टोल कमिटी गठन भएको सचिवालयले जनाएको छ ।

यसैगरी, पार्टी रुपान्तरण अभियान अन्तर्गत बागमती प्रदेशका १३ जिल्लामा १ सय ५२ वटा भेला भएको छ । जसमध्ये सिन्धुलीमा १० वटा, ललितपुरमा ९ वटा, काठमाडौंमा ४९ वटा, काभ्रेमा ३० वटा, दोलखामा ८ वटा, नुवाकोटमा १७ वटा, भक्तपुरमा ६ वटा, रामेछापमा १० वटा र सिन्धुपाल्चोकमा १५ वटा भेला भएको सचिवालयले जनाएको छ । बाँकी जिल्लाको रिपोंट आउन र अद्यावधिक नभएको सचिवालयले जनाएको छ ।

वंशगोपाल दुग्ध सहकारी अध्यक्षमा चौलागाईं

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ बंशगोपाल दुग्ध उत्पादक सहकारी संस्था, हेटौंडा-६, चौघडाको ३२ औं वार्षिक साधारणसभा भएको छ । साधारणसभाले खडानन्द चौलागाईंको अध्यक्षतामा ९ सदस्यीय सञ्चालक समिति बनाएको छ ।

समितिको उपाध्यक्षमा केशव धिताल, जिल्ला संघ प्रतिनिधिमा बासुदेव अधिकारी चयन भएका छन् । सदस्यहरुमा रामप्रसाद गौतम, शिवराज आचार्य, महादेवप्रसाद न्यौपाने, सूर्यप्रसाद दुलाल, केशव चौलागाई, रुद्रकुमारी सापकोटा र हीरादेवी महर्जन चयन भएका छन् । लेखा समितिको संयोजकमा जयराम घिमिरे, सदस्यमा दिलिप सुवेदी र राधिका हुमागाई, कृषक हितकोषको संयोजकमा केशव धिताल सदस्यमा नवराज पौडेल र गोपालचन्द्र भट्टराई चयन भएको निर्वाचन संयोजक रमेशप्रसाद लामिछानेले जानकारी दिए ।

हेटौंडा उपमहानगर पालिका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता एवम संस्थाका अध्यक्ष श्यामप्रसाद न्यौपानेको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारणसभामा अध्यक्ष न्यौपानेले संस्थागत प्रतिवेदन, लेखा संयोजक जयराम घिमिरेले लेखा समितिको प्रतिवेदन, कृषक हितकोषका सदस्य नवराज पौडेलले हितकोषको प्रतिवेदन, पशुधन संरक्षण समितिका संयोजक खडानन्द चौलागाईले पशुधन संरक्षण समितिको प्रतिवेदन र व्यवस्थापक लक्ष्मण सापकोटाले आव. ०७९/८० को लेखापरीक्षण प्रतिवेदन र चालु आव. ०८०/८१ को लागि ३ करोडको अनुमानित आयव्यय विवरण पेश गरेका थिए ।

साधारणसभामा उत्कृष्ट कृषकमा बासुदेव अधिकारी, नवराज दाहाल र रजत श्रेष्ठ, गुणस्तरीय दुध विक्रीमा रामप्रसाद गौतम, सफा दूध विक्रीमा कृष्णहरि राई, गोठ सफामा लक्ष्मण खनाल, धेरै पशुआहार खरिदमा रामनाथ बास्तोलालाई पुरस्कृत गरिएको थियो । यसैगरी उत्कृष्ट बचतकर्ता गोमा लामिछाने र जयराम घिमिरे, उत्कृष्ट कारोवारीमा विमला दाहाल र राजीव खनालाई पुरस्कृत गरिएको हो ।

साधारणसभामा हेटौंडा-६ का वडाध्यक्ष विष्णुबहादुर दाहाल, दुग्ध विकास बोर्ड बागमती प्रदेशका सञ्चालक सदस्य बासुदेव अधिकारी, संस्थापक अध्यक्ष हरिप्रसाद सिग्देल, पूर्वअध्यक्ष बासुदेव सापकोटा, केशवप्रसाद सञ्जेल, सल्लाहकार बालकृष्ण चौलागाईं, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, नौलो बिहानी कृषि सहकारीका अध्यक्ष विष्णुप्रसाद ढुंगाना, मक्राञ्चुली साझा सहकारीका अध्यक्ष रामहरि न्यौपाने, नारायणी दुग्ध सहकारीका अध्यक्ष शिव सञ्जेल, नवजीवन ज्योति क्लबका अध्यक्ष राजकुमार बास्तोलालगायतको आतिथ्यता थियो ।

सोलिड्यारिटीको ३१ औं अभिभावक भेला

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/हेटौंडा उपमहानगरपालिका-१०, स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीको ३१ औं अभिभावक दिवस तथा भेला शुक्रबार हेटौंडामा भएको छ ।

हेटौंडा-१० का वडाअध्यक्ष फूर्वादोर्जे लामाले निजी विद्यालयमा अध्ययनरत् विद्यार्थीले अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्षम रहेको बताए । राज्यले गर्नुपर्ने काम निजी क्षेत्रका विद्यालयले गरि रहेको उनको दाबी थियो । राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरेले सोलिड्यारिटी विद्यालयले शैक्षिक क्षेत्रमा राम्रो योगदान पुऱ्याएको चर्चा गरे । कार्यक्रममा प्याब्सनका केन्द्रीय सदस्य मदनकुमार दाहालले विद्यालय तह कक्षा १२ को पढाइ सकेपछि अहिले नाम चलेका क्याम्पसहरु सञ्चालन गर्न पनि समस्या भइरहेको बताए ।

कार्यक्रममा सोलिड्यारिटीको वर्ष शिक्षकबाट लक्ष्मी महर्जनलाई सम्मान गरिएको छ । विद्यालयले उज्यालो नेटवर्ट मकवानपुरका संवाददाता तथा जनपत्र डटकमका प्रधान सम्पादक हरि हुमागाईंलाई नगद १० हजार रुपैयाँसहित सम्मान गरेको छ । शैक्षिकक्षेत्रमा कलम चलाएको भन्दै उनी सम्मानित भएका हुन् । विद्यार्थी रोविना भण्डारी, नेरियस सुब्बा, चाँदनी डोल्मा तामाङ, रुही बलामी, युनिशा राउत, ग्रेसी कार्कीलाई सम्मान गरिएको छ ।

विद्यार्थी र अभिभावकलाई सँगै राखेर सम्मान गरिएको थियो । कार्यक्रम विद्यालयका संस्थापक अध्यक्ष ऋषिराम आचार्यको सभाध्यक्षतामा भएको हो ।

राप्रपा नेपाल मकवानपुरको चियापान

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/३०२ औं पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा कमल थापा नेतृत्वको राप्रपा नेपाल मकवानपुरले चियापान कार्यक्रमको आयोजना गरेको छ । जिल्ला अध्यक्ष गुरुप्रसाद सापकोटाको सभाध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य गणेश थापाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बोल्दै थापाले घुस लिने र दिने दुवै मुलुकको सत्रु भएको बताए । उनले पृथ्वीनारायण शाहले पुऱ्याएको योगदानको उच्च कदर गरे । कार्यक्रममा नगरअध्यक्ष प्रेमलाल श्रेष्ठ, जिल्ला अध्यक्ष सापकोटा लगायतले राष्ट्र निर्माता पृथ्वीनारायण शाहको योगदानबारे चर्चा गरेका थिए । कार्यक्रममा रप्रपा नेपालका नेता तथा कार्यकर्ताको उपस्थिति रहेको सचिव भृगु कार्कीले जानकारी दिए । राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तिको अवसरमा हेटौंडाको बुद्धचोकमा दीपप्रज्वलन गरिएको थियो ।

राप्रपा मकवानपुरद्वारा रक्तदान कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/३०२ औं पृथ्वीजयन्तीको अवसरमा राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपा मकवानपुरले शुक्रबार हेटौंडामा रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।

राप्रपाका केन्द्रीय सदस्य नवराज विष्टले रक्तदान गरी कार्यक्रम सुभारम्भ गरेका थिए । राप्रपाका नेता तथा कार्यकर्तासहित स्थानीय समाजसेवी र व्यापारी गरी ३५ जनाले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रमबाट संकलित र गत हेटौंडा ब्लड बैंकलाई उपलब्ध गराइएको राप्रपा मकवानपुरका कार्यवाहक अध्यक्ष सागर थापाले जानकारी दिए ।

एमाले मनहरीको तीन महिने कार्ययोजना

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/नेकपा (एमाले) मनहरी गाउँपालिका कमिटीले ३ महिने कार्ययोजना बनाएको छ ।

मनहरी गाउँपालिका-२, भुन्ड्डटाँडीमा भएको पूर्णबैठकले नेता तथा कार्यकर्तालाई पार्टी उपमहासचिव प्रदीप ज्वालीद्वारा प्रशिक्षण गर्ने निर्णय गरेको छ ।

माहतहतको वडा कमिटी एवम् जनसंगठनको बैठक नियमित गर्ने पनि निर्णय गरेको छ । यसैगरी जनसरोकारका बिषयमा दरिलो ढंगले उपस्थिति जनाउने लगायतका निर्णय बैठकले गरेको छ ।

मनहरी कमिटीको प्रशिक्षण माघ १३ गते मनहरी ३ भुन्ड्डमा आयोजना गर्ने एमाले मनहरी अध्यक्ष नवीन सुवेदीले बताए । बैठकमा प्रमुख अतिथि रहेका पार्टी पोलिटब्युरो सदस्य एवम् मकवानपुर इन्चार्ज देवीप्रसाद ज्ञवालीले एमाले पार्टीले बनाएको कार्ययोजनामा र हेर पार्टी निर्माणमा लाग्न एमाले मनहरीका नेता/ कार्यकर्तालाई निर्देशन दिए ।

यसैगरी, नेकपा (एमाले) संसदीय दलका सचेतक महेश बर्तौलाले आफू संसदमा मध्यवर्ती क्षेत्रका समस्या समाधानका लागि निकुञ्ज ऐनमा बसेर काम गरिरहेको बताए । बैठकमा एमाले प्रदेश कमिटी सदस्य एवम् मनहरी गाउँपालिकाका पूर्वअध्यक्ष एकाराज उप्रेती, पार्टी मकवानपुर जिल्ला कमिटी सदस्यहरु हेमलाल उप्रेतीलगायतका नेताको उपस्थिति रहेको थियो ।

मेलम्चीको सुरुङबाट पानी पठाउन थालियो

काठमाडौं, २७ पुस/ मेलम्ची खानेपानी आयोजनाले सिन्धुपाल्चोक अम्बाथानस्थित हेडवर्क्सबाट सुरुङमा पानी पठाउन थालेको छ ।

अहिले टनेल सफा गर्ने प्रयोजनका लागि बाँध रहेको स्थलबाट सुरुङमा पानी पठाइएको मेलम्ची खानेपानी आयोजनाका प्रवक्ता राजेन्द्र पन्तले जानकारी दिए ।

उनका अनुसार सुरुङ सफा गरिएको धमिलो पानी अम्बाथान, ग्याल्थुम र सुन्दरीजलमा रहेका अडिट टनेलबाट निकालिनेछ । सुरूङमा पठाएको पानी धमिलो हुन छाडेपछि पूर्ण रुपमा काठमाडौंका लागि पानी पठाइने उनले बताए ।

तर कति दिनमा सुरुङ सफा हुन्छ र कहिलेदेखि नियमित रुपमा पानी पठाइउन सकिन्छ भनेर अहिले नै भन्न नसकिने उनले बताए ।

मेलम्ची नदीको माथिल्लो क्षेत्रमा भएको वर्षापछि लेदो सहितको बाढी आएकाले गत असारमा सुरुङ बन्द गरिएको थियो ।

नमूना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

साधारणसभासम्बन्धी सूचना

यस श्री नमूना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, हेटौंडा-१० को २१ औं वार्षिक साधारणसभा तपशिलमा उल्लेखित मिति, समय र स्थानमा हुने व्यहोराको पत्र सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पठाइसकिएको छ । कारणबस पत्र प्राप्त नभए यसै सूचनालाई आधार मानी उक्त गरिमामय सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

तपशिल

मिति : २०८० पौष २८ गते शनिबार
समय : विहान ११ बजे
स्थान : संस्थाको सभाहल, हेटौंडा-१०, राप्तीरोड

केदार प्रसाद न्यौपाने (अध्यक्ष) एवम्
श्री नमूना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
राप्तीरोड, हेटौंडा-१०, मकवानपुर

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना